यो आकाशवाणी हो

प्रस्तुत छन् प्रमुख समाचार

- श्रीमती सीतारामनले भन्नुभयो, GST-को नयाँ व्यवस्थाबाट नागरिकहरूको उपभोगमा सुधार हुनेछ
- श्री पीयूष गोयलले GST सुधारलाई बताउनुभयो ऐतिहासिक र व्यापक
- राष्ट्रपतिले भन्नुभयो, बालिका शिक्षालाई सर्वोच्च प्राथमिकता दिइनुपर्छ
- प्रधानमन्त्रीको शिक्षकहरूसित “मेक इन इण्डिया” र “भोकल फर लोकल”-लाई प्राथमिकता दिन विद्यार्थीहरूसित मिलेर अभियान चलाउने आग्रह अनि
- राष्ट्रपति मुर्मुले प्राकृतिक आपदामा बचाउ र राहत कार्यमा शामेल मानिसहरूको जोशको गर्नुभयो प्रशंसा

अब समाचार विस्तारमा

- **Sitharaman – GAC**

केन्द्रिय वित्त मन्त्री निर्मला सीतारामनले भन्नुभएको छ, वस्तु तथा सेवा कर (GST)-को नयाँ व्यवस्थाबाट नागरिकहरूको उपभोगमा सुधार हुनेछ अनि यसबाट पुँजिगत व्ययमा कुनै प्रभाव पर्नेछैन। एउटा निजी समाचार च्यानलसितको कुराकानीमा श्रीमती सीतारामनले भन्नुभयो, निरनब्बे प्रतिशत वस्तु तथा सेवामाथि अब या त शून्य या पाँचदेखि अठार प्रतिशतसम्म GST लाग्नेछ। उहाँले भन्नुभयो, पहिलोपल्ट केन्द्र सरकारले GST-मा क्षतिपूर्ति र समग्र प्रस्ताव पारित गरेको छ। वित्त मन्त्रीले भन्नुभयो, पेट्रोलियम र मादक पदार्थ उत्पाद GST-को दायराबाट बाहिर रहनेछन्।

वित्त मन्त्री श्रीमती सितारामनले भन्नुभयो, सरकारले ती निर्यातकहरूलाई सहयोग गर्ने प्रयासमा कार्य गरिरहेछ, जसमा पचास प्रतिशत अमेरीकी आयात शुल्कको प्रभाव परेको छ। उहाँले भन्नुभयो, निर्यातकहरूका लागि प्याकेज तयार गरिँदैछ। श्रीमती सीतारामनले भन्नुभयो, आत्मनिर्भर भारतको उद्देश्य सबै वस्तुहरूको देशमा उत्पादन गर्नुमात्र नभएर अनिश्चित वैश्विक व्यापार नीतिको आत्म सम्मानका साथ सामना गर्नु हो।

--------------------------------------X--------------------------------------

- **Piyush-BJP**

भारतीय जनता पार्टीका वरिष्ठ नेता तथा वाणिज्य एवं उद्योग मन्त्री पीयूष गोयलले GST सुधारलाई ऐतिहासिक र व्यापक बताउनुभयो। नयाँ दिल्लीस्थित पार्टी मुख्यालयमा आज संवाददाताहरूसित उहाँले भन्नुभयो, GST दरमा सुधारबाट उपभोक्ताहरूलाई धेरै राहत मिलेको छ अनि यसबाट व्यापार गर्न सहज हुनेछ। श्री गोयलले भन्नुभयो......
उहाँले भन्नुभयो, यस महिनाको बाहिस तारिकदेखि लागू भइरहेको यस सुधारबाट कृषक, युवा, महिला र साना उद्यमहरू सबैलाई राहत मिल्नेछ।

---------------------------------------X---------------------------------------

- **Teacher's Day**

आज शिक्षक दिवस हो। यो दिन शिक्षाविद् तथा पूर्व राष्ट्रपति डाक्टर सर्वपल्ली राधाकृष्णनको जयन्तीको अवसरमा पालन गरिन्छ।

राष्ट्रपति द्रौपदी मुर्मूले आज नयाँ दिल्लीमा आयोजित राष्ट्रिय शिक्षक पुरस्कार समारोहमा भन्नुभयो, बालिका शिक्षालाई सर्वोच्च प्राथमिकता दिइनुपर्छ। राष्ट्रपतिले भन्नुभयो, विकासका निम्ति महिलाहरूलाई अग्रणी भूमिका दिने सबैभन्दा प्रभावी उपाय हो, छोरीहरूलाई सर्वोत्ताम शिक्षा दिइनु। उहाँले भन्नुभयो, बालिका शिक्षा परिवार, समाज र राष्ट्रको विकासमा एउटा अमूल्य योगदान हो। राष्ट्रपति श्रीमती मुर्मुले हालैका वर्षहरूमा उच्च शिक्षामा भरनामा बालिकाहरूको संख्या अधिक भएकोमा प्रसन्नता व्यक्त गर्नुभयो। राष्ट्रपति श्रीमती मुर्मूले बालिकाहरूका निम्ति शिक्षाको महत्त्वबारे बोल्दै भन्नुभयो........

राष्ट्रपतिले भन्नुभयो, राष्ट्रिय शिक्षा नीतिमा शिक्षालाई सुलभ र विद्यालय स्तरमा सरल बनाउनमाथि विशेष जोड़ दिइएको छ। उहाँले यसअघि देशभरिका शिक्षकहरूलाई राष्ट्रिय पुरस्कार प्रदान गर्नुभयो।

यसैक्रममा, प्रधानमन्त्री नरेन्द्र मोदीले शिक्षक दिवसको अवसरमा शुभकामना दिनुभएको छ। श्री मोदीले सोशल मिडिया पोस्टमा भन्नुभएको छ, दिमागलाई पोषित गर्नका लागि शिक्षकहरूको समर्पण एउटा दह्रिलो र उज्वल भविष्यको आधार हो। उहाँले भन्नुभयो, शिक्षकहरूको प्रतिबद्धता र करुणा महत्त्वपूर्ण छ। श्री मोदीले प्रख्यात विद्वान र शिक्षक डाक्टर सर्वपल्ली राधाकृष्णनको जयन्तीमा उहाँको जीवन र विचारको पनि सम्झना गर्नुभयो।

---------------------------------------X---------------------------------------

- **PM Homework**

प्रधानमन्त्री नरेन्द्र मोदीले भन्नुभएको छ, शिक्षक विशेषगरी आफ्ना विद्यार्थ ीहरूलाई होमवर्क द िँदछन्, तर उहाँ परिवर्तनका लागि शिक्षकहरूलाई एउटा “होमवर्क” द िन चाहनुहुन्छ। प्रधानमन्त्रीले शिक्षकहरूसित स्वदेशी उत्पाद र “मेक इन इण्डिया” तथा “भोकल फर लोकल”-लाई प्राथमिकता दिन विद्यार्थ ीहरूसित मिल ेर अभियान चलाउने आग्रह गर्नुभएको छ। उहाँले भन्नुभएको छ......

राष्ट्र िय शिक्षक पुरस्कारले सम्मानित शिक्षकहरूसित कुरा गर्ने क्रममा श्री मोदीले विद्यालयहरूसित “स्वदेशी दिवस” वा “स्वदेशी सप्ताह” जस्ता अवसर पालन गर्ने आग्रह गर्नुभयो अनि भन्नुभयो, शिक्षकहरूले विद्यार्थ ीहरूलाई आफ्ना घरबाट स्थानीय उत्पाद ल्याउन अनि त्यससित सम्बन्धित अनुभव साझा गर्न प्रेरित गर्नुपर्छ। प्रधानमन्त्रीले सुझाउ दिनुभयो कि विद्यार्थीले स्वदेशी उत्पादको समर्थनम ा प्लाकार्ड लिएर गाउँहरूमा ऱ्यालीमा पनि भाग लिन सक्छन्। उहाँले भन्नुभयो, यस्तो गतिविधिले नागरिकलाई मेड इन इण्डियाक ो उपयोग गर्न र स्थानीय उत्पादका लागि स्पष्ट हुन प्रोत्साहित गर्नेछ।

-------------------------------------X-------------------------------------

- **President-Flood**

राष्ट्रपति द्रौपदी मुर्मुले देशभरि प्राकृतिक आपदाअवधि बचाउ तथा राहत कार्यम ा शामेल मानिसहरूको जोशको प्रशंसा गर्नुभएको छ। राष्ट्रपतिले सोशल म िडिया पोस्टम ा यस वर्ष म ानस ुनअवधि प्राकृतिक आपदाको बारेम ा सुन ेर गह िर ो दुःख भएको बताउनुभयो। उहाँले भन्नुभएको छ, पहाड़म ा बादल फ ाट्दा अनि मैदानी क्षेत्रहरूमा बाढ ीले धेरै नोक्सान भएको छ। यसबाट उत्तराखण्ड, हिमाचल प्रदेश, जम्मू-कश्मीर, पञ्जाब, असम र देशक ा धेरै अन्य भागमा धेरै मानिसहरूको मृत्यु भयो। श्रीमती मुर्मूले राष्ट्र आपदाबाट प्रभावित मानिसहरूलाई परेको यस संकटम ा उन ीहरूको साथमा छ भन्नुभयो। उहाँले भन्नुभयो, राष्ट्रले एकजुट भएर यस चुनौतीको सामना गर्नेछ।

-------------------------------------X-------------------------------------

- **President – Milad**

राष्ट्रपति श्रीमती मुर्मूले सबै अनि विशेषगरी मुस्लिम समुदायलाई मिलाद-उन-नबीको अवसरमा बधाई दिनुभएको छ। उहाँले आफ्नो सन्देशमा भन्नुभएको छ, पेगम्बर मोहम्मदले मानिसहरूलाई एकता र मानवताको सेवाको सन्देश दिनुभएको थियो। राष्ट्रपतिले भन्नुभएको

छ, यस दिनले सबैलाई उहाँको शिक्षालाई आत्मसात गर्ने अनि समाजमा शान्ति एवं सद्भावलाई प्राथमिकता दिन प्रेरित गर्दछ।

---------------------------------------X---------------------------------------

- **Punjab floods**

केन्द्रिय कृषि मन्त्री शिवराज सिंह चौहानले प्रधानमन्त्रीलाई पञ्जाबमा बाढीबाट भएको नोक्सानीको विस्तृत रिपोर्ट बुझाउने बताउनुभएको छ। सोशल मिडिया पोस्टमा उहाँले भन्नुभएको छ, संकट धेरै व्यापक थियो, तर केन्द्र सरकारले पञ्जाबलाई यसबाट माथि उठाउनमा कुनै कसर बाँकी राखेन। बाढी प्रभावित क्षेत्रको जायजा लिन एक दिनको भ्रमणमा हिजो पञ्जाब पुग्नुभएका कृषि मन्त्रीले भन्नुभयो, बाढीग्रस्त क्षेत्रहरूको पुनर्निर्माणको लागि योजनाबद्ध तरिकाले काम गरिनुपर्छ।

---------------------------------------X---------------------------------------

- **Ministry of External Affairs**

मरीशसका प्रधानमन्त्री नवीनचन्द्र रामगुलाम नौंदेखि सोल्ह सितम्बरसम्म भारतको राजकीय यात्रामा रहनुहुनेछ। नयाँ दिल्लीमा विदेश मन्त्रालयका प्रवक्ता रणधीर जायसवालले भन्नुभयो, यस अवधि मरीशसका प्रधानमन्त्री दिल्ली, मुम्बई, वाराणसी, अयोध्या र तिरुपति जानुहुनेछ। अस्ट्रेलियामा भारतीयहरू विरूद्ध विरोध प्रदर्शनमाथि श्री जायसवालले भन्नुभयो, एकतीस अगस्तमा अस्ट्रेलियाका धेरै शहरहरूमा प्रवासी विरोधी प्रदर्शन भयो। भारतीय उच्चायुक्त तथा महावाणिज्य दूतावास यस सम्बन्धमा अस्ट्रेलिया सरकार र समुदायका सदस्यहरूको साथमा नियमित सम्पर्कमा छ। उहाँले भन्नुभयो, अस्ट्रेलिया सरकार र विपक्ष दुवैका वरिष्ठ नेताहरू र राजनेताहरूले अस्ट्रेलियाको बहुसांस्कृतिक पहिचानको समर्थन गर्दै बयान जारी गरेको छ।

---------------------------------------X---------------------------------------

- **Manohar Lal Angikaar**

आवासन तथा शहरी कार्य मन्त्री मनोहर लालले प्रधानमन्त्री आवास योजना - शहरीको दोस्रो चरणअन्तर्गत अंगीकार 2025 अभियानको शुभारम्भ गर्नुभयो। यस अभियानअवधि देशभरिमा यस योजनाको बारेमा व्यापक जागरूकता उत्पन्न गरेर प्रधानमन्त्री आवास योजना - शहरीको कार्यान्वयनमा गती ल्याइनेछ। यसकासाथै आवेदनहरूको सत्यापनको प्रक्रिया पनि अघि बढ़ाइनेछ अनि पहिलैदेखि स्वीकृत घरहरूको निर्माण कार्य चाड़ो पूरा गरिनेछ।

---------------------------------------X---------------------------------------

- **Sonowal – Tuticorin**

बन्दरगाह, पोत परिवहन तथा जलमार्ग मन्त्री सर्बानन्द सोनोवालले आज तमिलनाडुको तूतीकोरिनमा चिदम्बरनार बन्दरगाहमा हरित हाइड्रोजन प्रायोगिक सयन्त्र तथा अन्य धेरै विकास परियोजनाहरूको उदघाटन गर्नुभयो। उहाँले उन्साट्ठी करोड रूपियाँको लागतमा सात दशमलौ चार हेक्टेयरसम्म फैलिएको दसौं कन्टेनर टर्मिनल, एक सय दश किलोवाटको सब-स्टेशन र छह मेगावाटको पवन ऊर्जासहित धेरै परियोजनाहरूको आधारशिला पनि राख्नुभयो।

यस अवसरमा श्री सोनोवालले भन्नुभयो, पोत परिवहन उद्योग बन्दरगाह विकास पहलको माध्यमबाट व्यापक विकासको साक्षी बनिरहेछ। उहाँले तटीय समुदाय विकास योजनाको पनि उल्लेख गर्नुभयो। यो योजना राज्यका तटीय क्षेत्रहरूमा बसोबास गर्ने समुदायलाई समर्थन दिन कार्यान्वित गरिएको हो।

यो आयोजना स्वतन्त्रता सेनानी भीओ चिदम्बरनारको जयन्तीमा गरियो। चिदम्बरनारलाई कप्पल ओट्टिया तमिजहन पनि भनिन्छ।

--------------------------------------X--------------------------------------

अन्तमा प्रमुख समाचार पुनः एकपल्ट

- श्रीमती सीतारामनले भन्नुभयो, GST-को नयाँ व्यवस्थाबाट नागरिकहरूको उपभोगमा सुधार हुनेछ
- श्री पीयूष गोयलले GST सुधारलाई बताउनुभयो ऐतिहासिक र व्यापक
- राष्ट्रपतिले भन्नुभयो, बालिका शिक्षालाई सर्वोच्च प्राथमिकता दिइनुपर्छ
- प्रधानमन्त्रीको शिक्षकहरूसित “मेक इन इण्डिया” र “भोकल फर लोकल”-लाई प्राथमिकता दिन विद्यार्थीहरूसित मिलेर अभियान चलाउने आग्रह अनि
- राष्ट्रपति मुर्मुले प्राकृतिक आपदामा बचाउ र राहत कार्यम ा शामेल मानिसहरूको जोशको गर्नुभयो प्रशंसा